# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वाराप्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी, असार ३० गते,२०७६ साल(संख्याः ७

# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको शिक्षा ऐन (प्रथम संसोधन )

## २०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर सभाले बनाएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको शिक्षा ऐन (प्रथम संसोधन ) २०७६

प्रस्तावना

मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४(यस पछि मूल ऐन भनि नामाकरण गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४ लाई देहाय वमोजिम संसोधन गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** ः(१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको शिक्षा ऐन (प्रथम संसोधन ) २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२ मूल ऐनको दफा १९को उपदफा १ मा संसोधन** ः मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा १९ को उपदफा १ को सट्टामा देहायको उपदफा राखिएको छ ः

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम एक विद्यालय व्यवस्थापन समिति रहनेछः।

**३.मूल ऐनको दफा २६ मा संसोधन** ः मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा २६ को सट्टा देहायको दफा राखिएको छ ः

२६.शिक्षकको सरुवा ः शिक्षकको सरुवा तोकिए बमोजिम हुने छ ।

**४. मूल ऐनको दफा ५२ को उपदफा २ मा संसोधन**

मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ५२ को उपदफा २ को बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता भन्ने शव्लावली हटाईएको छ ।

**५. मूल ऐनको दफा ६४ खारेज गरिएको छ ।**

**प्रमाणिकरण मिति २०७६।०३।३०**

**आज्ञाले,**

**नवराज भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू १०**